गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय,ग्वाल्टार,सिन्धुली

ठेगाना : वडा नं ३ ग्वाल्टार,सिन्धली

बिषय : पुन निर्माण सम्बन्धि हाल सम्म भएको प्रगत प्रतिबेदन ।

परिचय : यो गाउँपालिका सिन्धुली जिल्लाको महाभारत देखि सुनकोसी गढतिर सम्म फैलिएको गाउँपालिका हो । यस गाउँपालिकाको पूर्वमा फिक्कल गाउँपालिका पश्चिममा सुनकोसी गाउँपालिका र उत्तरमा रामेछाँप जिल्लाको रामेछाँप नगरपालिका र दक्षिणमा सिन्धुली जिल्लाको कनपा सँग जोडिएको गाउँपालिका हो । यसको कुल क्षेत्रफल १८४.१३ कुल जनसख्या १९३२९ रहेको छ जस्मा महिला ९९२० पुरुष ९४०० भने हावापानीको हिसावले ठन्डा समशितोष्ण हावापानी र गडतिरमा उष्ण प्रदेशिय हावापानी पाईन्छ ।यो गाउँपालिका साबिक डुडभन्ज्याङ,बितिजोर,तिनकन्या,भुवनेश्वरी,वाशेश्वर,रतनचूरा र भिमेश्वर गाबिस मिलि बनेको छ । हाल यस गाउँपालिकामा ७ वडा मिलि यो गाउँपालिका निर्माण भएको छ । यस गाउँपालिकाको केन्द्र वडा नं ३ मा पर्छ ।

क.स.	लाभग्राहि सूचिमा नाम निक्लिएकाको संख्या	सम्झौता भएका संख्या	प्रथम किस्ता पाएका संख्या	दोश्रो किस्ता पाएका संख्या	तेश्रो किस्ता पाएका संख्या	गुनासोमा नाम पेश भएका	कैफियत
१.	३३३	३३३	३३३	३३	०	३२०	
२.	२५०	२५०	२५०	१६	०	१५०	
३.	२४०	२३५	२२०	२३	०	२४५	
४.	३३४	३२२	३२२	७५	०	५१४	
५	४७१	४७१	४४७	१२०	०	१२८	४४ पेश
६.	६८३	६८२	६८२	१२८	०	३००	
७.	४६५	४५१	४५१	५१	०	६४	
जम्मा	२७७६	२७४४	२७०५	४४६	०	१७२१	
प्रतिशतमा		९८.८४∞	९७.४४∞	१६.०६ ∞	०	-	

स्थायी आवाश निर्माण र पुन निर्माण गर्नको लागि गाउँपालिकामा परेका नीतिगत र व्यबहारिक समस्याहरु

१. मापदण्ड अनुसार आवास निर्माण हुन नसक्नू गरिवी आय श्रोतको कमि, अनुदानमा मात्र सिमित समुदायको बाहुल्यता हुनु ।

(लाभ ग्राहिको तर्फबाट समस्या)

२. मापदण्ड खाली पक्का,इट्टा,व्लक बाट निर्माण भएका आवासलाई मात्र मान्यता दिनु काठको र अन्य आवासलाई समेटन नसक्नु ।

३.सरकार र पुन निर्माण प्राधिकरणबाट जनताको गरिवी स्थानिय श्रोत साधन क्षमताको आधारमा नयाँ मापदण्ड ल्याउन नसक्नु ।

४.पुन निर्माण प्राबिधिक खटिनु भन्दा अगाडी निर्माण भएका आवासले मान्यता नपाउनू र ग्रामिण जनतामा अलमल हुन पुग्नु ।

५.स्थानिय तहलाई तत्काल आएका समस्या र तत्कालै समाधानको लागि नयाँ कार्यबिधि र स्पष्ट व्यबस्था नहुनु ।

६. प्राबिधिकलाई थोरै पनि आफ्नो विवेक र क्षमताका आधारमा प्राबिधिक ज्ञान,सिप,क्षमता प्रयोग गर्न नदिई अंकुस लगाउनु ।

७. नीतिगत तहबाट बनेका कार्यबिधि र निर्देशिका ठुला शहर अपार्टमेन्ट,डिपार्टमेन्ट शहरी भवनको लागि मात्र फिट हुने खालका र नेपालको ग्रामिण भेग र ग्रामिण समुदायलाई नबुझेको जस्तो गरि कार्यविधि निर्देशिका आउनु ।

८. मापदण्ड अनुसार आवास बनाउन यातायात, मालसामानको ढुवानीको लागी सडकको उपयुक्त व्यस्था नहुनु ।

९. पुन निर्माणमा खटिने प्राबिधिक लगायत अन्य निकायबाट सम्पादन तथा कार्यान्वयनमा सैद्धान्तिक नियमलाई पूर्ण पालना गर्ने तर्फ मात्र ध्यान केन्द्रित भएको जसकारण पुन निर्माणमा आएका व्यवहारिक विविध समस्याका कारण भवन निर्माण हुन ढिलाई भई निर्माणको परिणाम नआउनु ।

१०.आवास निर्माण कार्य एकैचोटी भएकोले पर्याप्त दक्ष कामदार र अन्य निर्माणकर्ता कामदार नपाउनु ।

११. बस्ति स्तरमा मेशन ,मिस्त्री तालिम पर्याप्त सम्बन्धित निकायबाट आवश्यक एवं उपयुक्त तालिम नहुनु ।

समाधानको लागि सुझाव

१. यथासक्य स्थानिय निकायलाई पुन निर्माण,पुन स्थापना र अनुदान वितरणको लागि नीतिगत व्यबस्था हुन पर्ने ।

२. जनताले बनाएको घर उपलब्ध अनुदानको आधारमा अधिकतम प्राबिधिक पक्ष हेरिनु पर्ने तर खर्चिलो र ऋण बोकाउने खालको नीति तत्काल संसोधन गर्नु पर्ने ।

३.सहज आवास निर्माणका लागी स्थानीय स्तर सडक, यातायातको पहुच बिस्तार गर्नु पर्ने ।

४. स्थानिय तहलाई निजी आवास,सार्बजनिक भवन,सांस्कृतिक भवन र पुन निर्माण सम्बन्धि नयाँ कार्यबिधि बनाई लागु गर्न पर्ने ।

५. पर्याप्त सिकर्मी र डकर्मी जनशक्ति उपलब्ध गराउन आवश्यक तालिम तत्काल संचालन सम्बन्धित निकायबाट हुन पर्ने ।

६. सार्बजनिक निर्माण बाहेक जनताका आवास बनाउन असार,श्रावण भाद्र तिन महिना स्थानिय खोला नदीबाट ढुङ्गा,वालुवा,गिट्टी जस्ता कच्चा पदार्थ झिक्न सरकारबाट तत्काल फुकुवा गरि निशुल्क लान ल्याउन पाउने व्यबस्था मिलाउनु पर्ने ।

७. स्थानियहरुको आवास निर्माण लागतको क्षमता, श्रोत र साधन, अनुसार निर्माण भएका गुणस्तरीय घरहरु समेतलाई मान्यता दिनु पर्ने ।

८. ग्रामिण स्तरमा बन्ने घर होम स्टे जस्ता अनुदानबाट सम्भव हुने डिजाईन निकाली त्यसको प्रबर्द्धन गरि यथासक्य आवास निर्माणलाई प्रोत्साहन गर्नु पर्ने ।

अन्तमा : जनतालाई सेवा प्रबाह र पुन निर्माण,पुन स्थापनाको कार्य जनताको घर दैलोमा रहेको सरकारले जनताले भनेको सुन्ने, देख्ने र अनुभुती गर्ने भएकोले सोको अनुगमन निरिक्षण र व्यबस्थापन गरी कार्यान्वयन गर्न हाल गठन भएका सबै स्थानिय तहलाई सरकारले नीतिगत व्यवस्था गरि दिएमात्र पाँच बर्षमा भुकम्प पुननिर्माण र पुनस्थापनाको काम सम्भव हुने समेत सुझाव दिन चाहान्छु ।

गोलन्जोर गाउँपालिका
पुष्प कार्की
अध्यक्ष

धन्यवाद ।